स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



न कुनै 'ट्याग' भिरेर बसेका छन् । कसैलाई 'रिबेल स्टार' त कसैलाई 'मेगा पावर स्टार' भनिन्छ । कलाकारहरुलाई 'ट्याग' भिराउने होडबाजी नेपाली फिल्ममा पनि कम देखिँदैन । 'मेगास्टार'देखि 'सुपरस्टार' जस्ता 'ट्याग' मेकरहरुले फिल्ममार्फत् दिइरहेका छन्। यसैबीच, नयाँ छिमलका चल्तीका अभिनेता प्रदीप खड्कालाई पनि फिल्म 'एक्टरः टेक वान'का निर्माताले 'सुपरस्टार'को ट्याग दिँदै टिजर सार्वजनिक गरेका छन् ।।

**आजको विचार...**



डा. पुष्पराज पन्त

सडक...
*(दुई पेजमा)*

(दुई पेजमा)

आगामी कात्तिक १५ गते लक्ष्मीपूजाबाट प्रदर्शनमा आउन लागेको फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को दोस्रो गीत सार्वजनिक गरिएको छ। 'दाहिने हातैमा' बोलको गीतमा शब्द, संगीत तथा स्वर प्रशान्त सिवाकोटीको छ। रोजीरोटीका लागि गाउँगाउँ डुलेर सारङ्गी रेट्दै गीतको भाकामा कथा सुनाउने गन्दर्भको यथार्थलाई गीतले देखाउँछ। गीतका शब्द रमाइला छन् । गायन र संगीत कर्णप्रिय छ । खासमा गीत प्रेमिल भावको छ। मायालुको बखान गर्दै साँझपख लुकीलुकी चौतारीमा भेटेको प्रशंग गीतले बोल्छ।



❑ वर्ष ३० ❑ अंक ७५ ❑ २०८१ असोज १३ गते आइतबार 29 September 2024, Sunday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# देशभर बाढी पहिरो : ६६ को मृत्यु, दर्जनौँ बेपत्ता

## पाल्पामा दर्जन घरहरु जोखिममा

**हाम्रा संवाददाता**

**पाल्पा,** असोज १२/अविरल वर्षापछि आएको बाढीपहिरोका कारण देशभर ठूलो जनधनको क्षति भएको छ । यो समाचार तयार पर्दासम्म देशका विभिन्न्न स्थानामा भएका विपद्का घटनाबाट ६६ जनाको मृत्यु भएको हो ।

बिहीबार रातिदेखिको अविरल वर्षापछिको बाढीपहिरोमा परी काठमाडौँ, ललितपुर, भक्तपुरमा मात्र ३४ जनाको ज्यान गएको छ । हालसम्म ललितपुरमा १८, काठमाडौंमा ११ र भक्तपुरमा ५ जनाको मृत्यु भएको हो । यस्तै पाँचथरमा ५, धनकुटामा २, सोलुखुम्बुमा २, सुनसरीमा १, काभ्रेमा १४, धादिङमा १, सिन्धुपाल्चोकमा ४, दोलखामा ३ जनाको मृत्यु भएको सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयले जनाएको छ । बाढीपहिरोमा दर्जनौँ बेपत्ता छन् । प्रहरीका अनुसार हालसम्म ७९ जना बेपत्ता भएका छन् भने ३५ जना घाइते भएका छन् । बाढीमा फसेका सयौँ मानिसहरूको उद्धार भएको छ । देशभर ४४ जिल्लामा बाढी, पहिरो, डुबान र कटानले क्षति पुऱ्याएको छ । त्यसमध्ये ३९ जिल्लाका विभिन्न सडक खण्ड पूर्णरुपमा अवरुद्ध भएका छन् । केही ठाउँमा सडक खुलाउने प्रयास भइरहेको प्रहरीले जनाएको छ ।



पहिरोका कारण जोखिममा रहेको तानसेन कैलाशनगरस्थित देउरालीको सुकुम्वासी । बस्ती तस्विरः जगदीश भट्टराई

**पाल्पामा दर्जन घरहरु जोखिममा**

अविरल वर्षाका कारण जिल्लाका विभिन्न स्थानमा पहिरोका कारण दर्जन घरहरु जोखिममा परेका छन् । विहीबारदेखि परेको निरन्तर अविरल वर्षाका कारण गएको पहिरोले जिल्लाको तानसेन नगरपालिका-५, कैलाशनगरस्थित देउरालीको सुकुम्वासी बस्तीमा १४, तानसेन-३ भगवतीटोलस्थित पुरानो पानी टंकी नजिकै र होलाङ्दी क्षेत्रमा तीन र तानसेन-बाँसटारी सडकखण्डमा तीन घर जोखिममा परेको प्रहरीले जनाएको छ ।

कैलाशनगरस्थित देउराली नजिकै सुकुम्वासी वस्तीको तल्लो भाग सडक छेउबाट झरेको पहिरोले यहाँका १४ घरहरु जोखिममा परेका हुन् । जोखिम न्युनिकरणका लागि वडा कार्यालयको पहलमा प्लाष्टिक र त्रिपाल लगाइएको छ । घर जोखिममा रहेका स्थानीयहरुलाई सतर्कता अपनाउन आग्रह गरिएको वडा कार्यालयले जनाएको छ ।

अविरल वर्षाका कारण जिल्लाका विभिन्न स्थानमा पहिरो जानुको साथै सडक अवरुद्ध भएका छन् । ठूलो स्केलमा झरेको पहिरोका कारण तानसेन-रिडी सडक खण्डको वनदेवी जनिकैको सडक समेत अवरुद्ध भएको थियो ।

**विभिन्न सडक अवरुद्ध**

यस्तै अविरल वर्षाका कारण लुम्बिनी प्रदेशका विभिन्न जिल्ला जोड्ने सडक अवरुद्ध बनेका छन् । पहिरोका कारण अवरद्ध सडक खुलाउन सुरक्षाकर्मी र स्वयंमसेवक परिचालन भएका छन् । पहिरोका कारण सिद्धार्थ राजमार्ग अन्तर्गत पाल्पाको बर्तुङ-राम्दी सडक खण्ड अवरुद्ध बनेको छ । रम्भा गाउँपालिका-३, पिपलडाँडाको अगाहाखोला नजिकै ढुंगासहितको पहिरो खसेपछि सडक शनिबार विहानदेखि अवरुद्ध भएको हो । यो समाचार तयार पार्दासम्म सडक खुलाउने प्रयास भइरहेको छ । शनिबार दिनभर पहिरो हटाउने काम भइरहेको सडक डिभिजन कार्यालय पाल्पाका सूचना अधिकारी इन्जिनियर दुर्गा गौतमले जानकारी दिए । सडक अवरुद्ध भएपछि सिद्धार्थ राजमार्ग भएर पाल्पा लगायत स्याङ्जा, पोखरा, पर्वत, गुल्मी, अर्घाखाँची, बागलुङ जाने सवारीहरु बाटोमै रोकिएका छन् ।

यता अवरुद्ध सिद्धार्थ राजमार्ग अन्तर्गत पाल्पा बुटवल खण्ड भने एकतर्फी सञ्चालमा आएको छ । तिनाउ गाउँपालिका-५, मस्यामको केराबारी नजिक खसेको पहिरो शनिबार बिहान पन्छाएपछि सडक सञ्चालनमा आएको हो । यस्तै प्रदेशको प्यूठान-भालुबाङ सडक खण्डको माण्डवी गाउँपालिका-१ गर्जेनीस्थित सिमलचौर, यस्तै सरुमारानी गाउँपालिका-४ पाखुरी खोलामा पहिरो झरेको छ । नौवहीनी गाउँपालिका--७ कालीमाटीस्थित मैरामारेदेखि बल्लेखोला जाने भित्री सडकमा पहिरो झरेको छ । अर्घाखाँचीस्थित पाणीनी गाउँपालिका-२ सालझण्डी ढोरपाटन सडक, गोरुसिङ्गे-सन्धिखर्क सडक दुई स्थानमा पहिरो झरेको छ । रोल्पाको सहिद मार्गको तीन स्थानमा पहिरो झरेको छ ।

**संक्षिप्त समाचार**

### हमलामा ६ जनाको मृत्यु



**(रासस/एएफपी)**

**किएभ(युक्रेन),** असोज १२/युक्रेनको सीमावर्ती शहर सुमीको अस्पतालमा शनिबार भएको रूसी हमलामा कम्तीमा छ जनाको मृत्यु भएको युक्रेनी आन्तरिक मामिला मन्त्रीले बताएका छन् ।


सुमी रुसको कुर्स्क क्षेत्रको सिमानाको छेउमा अवस्थित छ, जहाँ किभले गत अगस्ट मा रूसमा 'बफर जोन' सिर्जना गर्ने उद्देश्यले आक्रमण सुरु गरेको थियो । युक्रेनका आन्तरिक मामिलामन्त्री इगोर क्लिमेन्कोले टेलिग्राम मार्फत सुमीका अस्पतालमा रूसले दुई पटक आक्रमण गर्दा आलसम्म एकजना प्रहरीसहित ६ जनाको मृत्यु भएको उल्लेख गरेका छन् ।

पहिलो आक्रमणमा 'एक जनाको ज्यान जानुका साथै अस्पतालको संरचनामा क्षति पुर्‍याएकाले बिरामी तथा कर्मचारीहरूलाई सुरक्षित स्थानमा स्थानान्त्रण गर्न थालेको क्लिमेन्कोले जनाएका छन् । बिरामीहरूलाई स्थानान्त्रण गर्ने क्रममा भएको दोस्रो प्रहारले एक जना प्रहरी घाइते भएको जनाइएको छ । सुमीको क्षेत्रीय प्रशासनले टेलिग्राम मार्फत दुवै आक्रमणमा ड्रोनहरू समावेश भएको जनाएको छ । दोस्रो रूसी आक्रमणले आवासीय क्षेत्रमा प्रहार गरेको जनाइएको छ ।




NEW BHAIRAB AUTOMOBILES
LAHARE PIPAL -4 TANSEN , PALPA, 075-521349, 9857065549

# वरिष्ठ पत्रकार कार्कीको निधन



**पाल्पा,** असोज १२/वरिष्ठ पत्रकार कर्णबहादुर कार्कीको शनिबार निधन भएको छ । लामो समयदेखि मधुमेह र मिर्गौलापीडित कार्कीको ७० वर्षको उमेरमा आफ्नै निवास पाल्पाको तानसेनस्थित धुर्वघाटमा निधन भएको हो ।

कार्कीको साउन अन्तिम हप्ता लुम्बिनी प्रादेशिक अस्पतालमा हर्नियाको सफल शल्यक्रिया भएको थियो । त्यसपछि उनी मिर्गौला प्रत्यारोपणको तयारीमा थिए । लुम्बिनी राष्ट्रिय दैनिकका संस्थापक सम्पादक तथा नेपाल पत्रकार महासंघका पुर्व केन्द्रीय उपाध्यक्ष रहेका कार्कीको निधनले पत्रकारिता क्षेत्रमा ठूलो क्षति पुगेको पत्रकारहरुले जनाएका छन् । पत्रकार महासंघ पाल्पाका पूर्व अध्यक्ष भगवान भण्डारीले कार्की बेथिति, विसंगतिविरुद्ध र जनपक्षीय पत्रकारितामा खरो ढंगले उभिने साहसी र निडर पत्रकार भएको बताए । उनले सामाजिक सञ्जालमा दुख व्यक्त गर्दै भनेका छन् 'लोकतान्त्रिक गणतन्त्रका लागि लडेका एक समर्पित निडर योद्धाको अवसान भएको छ ।' तानसेनमा जन्मेर बुटवललाई केन्द्र बनाएर पत्रकारितामा जमेका कार्की राजधानी काठमाडौं बाहिर पहिलो पल्ट अफसेट प्रेसबाट दैनिक पत्रिका लुम्बिनी दैनिक प्रकाशन गर्ने सस्थापक सम्पादक रहेको भण्डारीले उल्लेख गरेका छन् । पञ्चायती व्यवस्था विरोधी आन्दोलनमा सक्रिय भएसँगै उनले २०३६ सालको जनमत संग्रहपछि पाल्पाबाट पत्रकारिता सुरु गरेका थिए । कार्कीले जमर्को, झिल्को र देशान्तर साप्ताहिकमा जोडिएर पत्रकारिता गरेका थिए । २०४५ सालमा कार्कीले दैनिक लुम्बिनीको प्रकाशन सुरु गरेका हुन । उनका एक श्रीमती दुई छोरी र एक छोरा रहेका छन् । कान्छा छोराको केही वर्षअघि मृत्यु भएको थियो । कार्कीको शनिवार नै बुटवलको योगिकुटीस्थित मगरघाटमा अन्तिम दाहसंस्कार गरिएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मुटुरोगबारे सावधानी अपनाऔं

प्रत्येक वर्ष २९ सेप्टेम्बरलाई संसारभर विश्व मुटु दिवसका रुपमा मनाइन्छ । यस दिवसको मुख्य सन्देश मुटुरोग सम्बन्धी चेतना फैलाई यसबाट बच्न तथा सावधानी हुन उत्प्रेरित गर्नु हो । विश्व हृदय महासंघ र विश्व स्वास्थ्य संगठनले संयुक्तरुपमा सन् १९९९ सेप्टेम्बर २९ तारिखको दिनलाई विश्व मुटु दिवसका रुपमा मनाउने निर्णय गरेको थियो । त्यसपछि हरेक वर्ष संसारका प्रायः सबै राष्ट्रमा विभिन्न कार्यक्रम गरेर यो दिवस मनाउन थालेका हुन् । आज पनि विश्वभर विभिन्न कार्यक्रम गरी यो दिवस मनाइदैं छ ।

आजको दिन भावना र मानवीयतालाई जोड्दै मुटुको महत्व, सही ख्याल नगर्दा स्वास्थ्यमा पर्ने असर, स्वस्थ्यमुटुका कारण हुने फाईदाका विषयमा व्यापक बहस र अन्तर्क्रिया गरी जागरण ल्याउँने कार्यलाई सहयोगी भूमिका निर्वाह गर्ने दिनका रुपमा नेपालका विभिन्न जिल्लामा सचेतना मूलक कार्यक्रम, बहस र छलफल तथा शिविर गरी मनाउने परम्परा छ । सन् २०१२ मा विश्वव्यापी रुपमा सहकार्य गर्दै सबै सरकार प्रमुखहरुको पहलमा नसर्ने रोगलाई कम गर्दै जाने साझा सहमतिका रुपमा विश्वव्यापी अवधारणा तयार भएसँगै सैद्धान्तिक, व्यावहारिक ज्ञान प्राप्त गर्ने महत्वपूर्ण अवसरका रुपमा लाखौं अनि करोडौं मानिसका मुटु समस्याहरुको पहिचान गर्नुका साथै मुटुको सही हेरविचार गर्ने वातावरण निर्माणमा यो दिवस सहयोगी बन्न सकोस् भन्ने नै हो । विगतदेखि नै नेपालमा पनि मुटुको उपचार पद्धतिमा विशेष महत्व दिनुको कारण यही नै हो भन्ने मान्न सकिन्छ । तर पछिल्लो समय मुटुरोग स्वास्थ्य चुनौतिका रुपमा देखा पर्दै गएको छ । नेपालमा मात्रै होइन, विश्वभर नै मुटु रोगको अवस्था धेरै नै भयावह छ । विश्वमा करिब ४० प्रतिशत मानिसको मृत्यु मुटु रोगका कारण हुन्छ । खानपानको शैलीमा परिवर्तन, शारीरिक व्यायामको कमी, चुरोटखैनी सेवन, शरीरको मोटोपन, बढी तनाव एवं विभिन्न वातावरणीय परिवर्तनले गर्दा नेपालमा मुटुरोगको प्रकोप बढेर गएको हो । यो रोगबाट बच्नका लागि शारीरिक व्यायाम, मुटुको नियमित परीक्षण, सन्तुलित खाना खाने बानी बसाल्नुपर्छ । यसो गर्न सकियो भने धेरै हदसम्म मुटु रोग लाग्नबाट बच्न सकिन्छ । यसर्थ मुटु रोगबारे सबै जनाले सावधानी अपनाउन जरुरी छ ।

### Opinion @ Social Network

छाडिदेऊ मित्र प्रेमका कुरा, लक्ष्यमा ध्यान देऊ,
ताकि पछि टुटेको मन होइन जोडिएको भविष्य मिलोस् ।
*(तारा रिमालको फेसबुक स्टाटसबाट www.facebook.com//rimal.tara546)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सडक सुरक्षा र जीवनरक्षाका व्यावसायिक पक्ष



डा. पुष्पराज पन्त

**पृष्ठभूमि**

हाम्रो देशमा यात्रीवाहक बस र मालसामान ढुवानी व्यवसायमा संलग्न यातायात कम्पनीले आफ्नो नामको पछाडि 'सेवा' भन्ने शब्द झुन्ड्याएका हुन्छन् । जस्तै : ...बस सेवा, ...ढुवानी सेवा ।

त्यसै गरी कम्पनीहरूले नामको पछाडि 'प्रालि' वा 'कम्पनी' पनि लेख्ने गर्छन् । नेपालमा यातायात सेवामा लगभग सबै लगानी निजी क्षेत्रको छ । अत: यो व्यवसाय नाफा कमाउने उद्देश्यका साथ सञ्चालन गरिएको सेवा हो । एक ठाउँबाट अर्को गन्तव्यमा यात्रा गर्दा वा मालसामान ढुवानी गर्दा व्यक्तिले यस्ता यातायात वा ढुवानी कम्पनीले प्रदान गर्ने सेवाको उपभोग गर्छन् । यसलाई मानिस बिरामी भएमा स्वास्थ्य सेवा दिन निजी क्षेत्रबाट खोलिएका स्वास्थ्य संस्थासँग तुलना गर्न सकिन्छ । किनभने स्वास्थ्य संस्थामा उपचारका लागि मापदण्ड, उपकरण र जनशक्ति उपलब्ध छैन भने बिरामीको ज्यानकै जोखिम हुने भनेर निश्चित नियमको परिधि तोकेर निरन्तर अनुगमन सुनिश्चित गरिएको हुन्छ । यसरी राज्य, सरकार र लगानीकर्ताले समन्वयमा कानुनी र व्यावहारिक कार्यद्वारा एक प्रणाली तयार पारेका हुन्छन् । जहाँ रोगहरूको उपचारबाट बिरामी सन्चो बनाउन हरसम्भव प्रयत्न गरिएको हुन्छ । अस्पतालको घर-भवन जति भव्य र ठुलो भए पनि त्यसमा उपरोक्त किसिमको प्रणाली छैन भने बिरामीको उपचार सम्भव हुँदैन । सडक सतह मात्र निर्माण गरेर हुँदैन, त्यसमा सवारीसाधन चलाउने चालक, पैदलयात्री र अन्य सडक प्रयोगकर्तालाई सुरक्षित रहन सहायक हुने गरी सडक सुरक्षाका मापदण्ड, संकेत चिह्न (प्रविधि वा उपकरणमा आधारित पनि) को व्यवस्था गरिनुपर्छ । अन्यथा त्यहाँ दुर्घटनाको सम्भावना हुन्छ । मानिसहरूको यात्रा सुरक्षित छ भन्ने सुनिश्चित गर्न सक्दिैन । देशमा सडक सञ्जाल जताततै फैलिइसकेको छ । पहिले ठुला-ठुला सहर जोड्ने सडक अब वडा, गाउँ र टोलहरू जोड्ने भइसके । सडकमा यात्रीवाहक ( सार्वजनिक वा निजी) सँगै ढुवानीका साधन सञ्चालन भइरहेका छन् । हाम्रा कुनै सडक बाह्रै महिना सञ्चालनका लागि सुरक्षित छन् भने अधिकांशको अवस्था दयनीय छ, जहाँ सुक्खा मौसम वा दिनमा यातायात सञ्चालन गर्न सकिए पनि वर्षायाम वा रातमा सम्भव हुँदैन । हाम्रा कुनै कुनै सडक केवल साना सवारी-साधन ( दुईपांग्रे वा चारपांग्रे)का लागि मात्र उपयुक्त हुने खालका छन्, तर अक्सर बाटोको क्षमता र सवारीसाधनको प्रकारको हिसाबले होइन कि लहडको भरमा यातायात सेवा सञ्चालन गरिएका कारण ग्रामीण भेगमा दुर्घटनाका खबर बारम्बार आइरहेका छन् । ग्रामीण भेगमा हुने सबै सडक दुर्घटनाको अभिलेख पाउनै मुस्किल छ । राष्ट्रिय तथ्यांक हेर्ने हो भने जति सुगम त्यति धेरै दुर्घटनाको अभिलेख र जति दुर्गम त्यति नै कम दुर्घटनाको तथ्यांक पाइन्छ । उदाहरणका लागि कोशी र मधेस प्रदेशहरूको तुलनामा सुदूरपश्चिम र लुम्बिनी प्रदेशहरूमा अभिलेख गरिएका दुर्घटनाको संख्यालाई तुलना गर्नै नमिल्ने गरी अन्तर पाइन्छ ।

**कानुनी व्यवस्था**

संघीयताको प्रादुर्भावपछि सडकको स्वामित्व संघ, प्रदेश वा स्थानीय तह कसको कति रहने भन्ने बहसले लामो समय खायो । त्यहाँ सञ्चालन हुने यातायात सेवा र त्यसका लागि सञ्चालन गरिने यातायातका साधनको दर्ता, रुट परमिट वा तन्दुरुस्ती जाँचबारे प्रदेशहरूले प्रदेश स्तरीय ऐनहरू निर्माण गरेका छन् । यद्यपि प्रदेश ऐनहरूमा संघको यातायात व्यवस्था ऐन (२०४९) का कतिपय व्यवस्थालाई कपी-पेस्ट गरिएका छन् । ऐन बन्दैमा त्यसले आम जीवनमा खासै ठुलो परिवर्तन गर्न सक्दैन, किनभने त्यसमा भएका प्रावधानको कार्यान्वयनका लागि नियमावली, कार्यविधि वा निर्देशिका बनाउनुपर्छ र कतिपय अवस्थामा दक्ष जनशक्तिसहितको खास संयन्त्र पनि खडा गर्नुपर्छ । नीति-नियमहरू कति प्रभावकारी छन् र तिनमा के-कस्ता परिमार्जन आवश्यक छ भन्ने सुनिश्चित गर्न अनुगमन र मूल्यांकन प्रणाली पनि सँगसँगै सक्रिय हुनुपर्छ, अनि मात्र विद्यमान ऐन-कानुन र नियमले सार्थकता पाउँछन् । हाल नेपालका प्रदेशमध्ये धेरैमा यातायात तथा सडक सुरक्षासम्बन्धी नियमावली, कार्यविधि वा निर्देशिका, मापदण्ड वा रणनीतिक कार्ययोजना बनाइएको छैन । २०८० सालमा मस्यौदा भएको एउटा प्रदेशको 'सवारी तथा यातायात व्यवस्था' नियमावलीमा 'यात्रीवाहक सवारीको वर्गीकरण, स्तर र क्षमता' अन्तर्गत कार र ट्याक्सीलाई 'चालकसहित बढीमा पाँच जनासम्म यात्रु राख्न सक्ने सिट क्षमता भएको' भनेर लेखिएको छ । जुन व्यवस्था २०५४ को यातायात व्यवस्था नियमावलीको नियम १५ (घ)को कपी-पेस्ट हो । नेपालमै पनि ६ वा सात सिटे कार सञ्चालनमा छन् । यस परिभाषाले तिनलाई कसरी समावेश गर्छ ? यसैगरी नियमावली २०५४ को नियम १८ (१) 'क'देखि १८ (१) 'घ'सम्म विभिन्न खालका 'यात्रीवाहक सवारीको स्तर' वर्णन गरिएको छ, त्यसलाई पनि प्रदेश नियमावलीमा हुबहु सारिएको छ, जुन तत्काल विदेशी बजारमा उपलब्ध र नेपाली व्यवसायी र कम्पनीले आयात गर्ने बसहरूको विशिष्टता (स्पेसिफिकेसन)सँग कसरी मेल खान्छ ? यो पनि सोचनीय विषय छ । भन्न खोजिएको के हो भने– अहिले बन्दै गरेका ऐन, नियमावलीहरू पुरानाबाट हुबहु सार्नेभन्दा पनि धरातलीय यथार्थ, प्रचलित कानुन बनेयताका तीन दशकमा अटोमोबाइल प्रविधिमा भएको विकासलाई मध्यनजर गरी बनाइएमा व्यावहारिक हुने र लागु गर्न पनि सजिलो हुन्छ ।

**व्यावसायिक सम्भावना**

नेपालमा सडक सुरक्षाका कार्यक्रममा आर्थिक कारोबार प्रत्यक्ष नदेखिने भएकाले यसमा सबैले सरकारको मुख ताकेर बसेका छन् । हो, समग्र सडक सुरक्षा संयोजन र सरोकारवालासँग समन्वय गर्ने अधिकारसम्पन्न निकाय बनाउने र सडक सुरक्षा कानुन पारित गर्ने काम पनि सरकारकै हो । यद्यपि सडक सुरक्षा वा सडक दुर्घटना न्यूनीकरणका लागि खास कार्यक्रम आवश्यक हुन्छन् । विद्यालयका बालबालिकालाई ट्राफिक नियम घोकाएर मात्रै सडकको सुरक्षा हुँदैन । ट्राफिक प्रहरीले तत्कालमा आफूसँग उपलब्ध जनशक्ति, स्रोत र उपकरण परिचालन गरेर सडकमा उपस्थित भई ट्राफिक नियम पालना गराएर मात्र पनि सडक यातायातलाई सुरक्षित पार्न सक्दिैन । हाल सडक र यातायात व्यवस्थापन गर्ने सरकारी निकायका पदाधिकारीले 'सेफ सिस्टम एप्रोच टु रोड सेृटी) भन्ने शब्दावली जान-अन्जानमा प्रयोग गर्ने गरेका छन् । सडक सुरक्षाको प्रणालीगत अवधारणा साँच्चै लागु गर्ने हो भने सरकारी पदाधिकारीले निम्न कार्य गर्नुपर्छ ।

(१) सडक प्रयोगकर्ता (मानिस) लाई केन्द्रमा राखेर आफ्ना नीति र कार्यक्रम बनाउनुपर्छ ।

(२) ९० प्रतिशत दुर्घटना चालकको लापरवाहीले हुन्छ भन्न छाड्नुपर्छ ।

(३) सडक सुरक्षाका क्रियाकलापमा व्यावसायिक सम्भावनाबारे बहस सुरु गर्नुपर्छ ।

सरकारी अधिकारी, नीति-निर्माता, निजी क्षेत्र र कर्पोरेट हाउसहरू यी कामबारे अनभिज्ञ रहेकाले यसमा लगानी कुनै क्षेत्रबाट पनि आकर्षित हुन सकेको छैन । धेरैले सडक सुरक्षा भन्नेबित्तिकै यो एक किसिमको ज्ञानमूलक, सचेतनामा आधारित, गैरव्यावसायिक क्षेत्र हो र यसमा पुँजीको लगानी र प्रतिफल प्राप्त गर्ने सम्भावना छैन भन्ने बुझेका छन् । देशमा सडकको सतह र पुलहरू मात्र निर्माण हुने तर तिनमा संलग्न गर्नुपर्ने सुरक्षाका कुनै पनि पूर्वाधारमा लगानीको वातावरण नबन्नु यसको प्रमाण हो । यस क्षेत्रमा लगानीका अवसरबारे जानकारी दिने यस लेखको उद्देश्य हो ।

**व्यवसायीकरण**

माथिको उदाहरणमा अस्पतालको भवन आएको छ । त्यस भवनमा जडान गरिने उपकरण, मेसिनरी, प्रयोगशाला, रोग अनुसारका विभाग स्थापना जति बढी र पर्याप्त मात्रामा भयो, त्यति नै अस्पतालले दिने सेवाको गुणस्तर बढ्छ । त्यस्तै सडक र पुलको सतह बनिसकेपछि त्यसमा जडान वा स्थापना गरिने संकेत (प्रविधिमा आधारित पनि) र त्यसको अनुगमनका लागि खटाइने जनशक्तिमा पनि जति बढी लगानी र व्यवस्था गरियो, त्यति नै बढी ती सडकहरूको यात्रा सुरक्षित हुँदै जान्छ । सडक कालोपत्रे बनाइदिएर मात्र राज्यको जिम्मेवारी पूरा हुँदैन । सवारी चालक अनुमतिपत्र लिनका लागि चालकमा पर्याप्त सीप र दक्षता भए वा नभएको, उनीहरूले चलाउने सवारी साधनको नियमित परीक्षण भए वा नभएको, सडकमा पर्याप्त सूचनामूलक संकेत राखेको वा नराखेको पनि हेर्नुपर्ने हुन्छ । दातृ निकायहरू, स्वदेशी लगानीकर्ताहरू वा विश्वका विकसित र दुर्घटना न्यूनीकरणमा उदाहरणीय प्रगति गरेका देशमा बसोवास गर्ने डायस्पोरा समुदायले निम्नलिखित ठुलो परिमाणमा आर्थिक कारोबार हुने क्रियाकलापमा काम गर्ने वातावरण तयार भयो भने तलका आठ बुँदाहरूले अर्बौं रुपैयाँको निर्माण एवं सचेतनाको काम सिर्जना गरी हजारौंलाई रोजगारी दिन सक्नेछ । तत्काल रोजगारी र सडक सुरक्षामा सकारात्मक परिवर्तन ल्याउने व्यावसायिक सम्भावना भएका केही क्रियाकलापहरू निम्नानुसार छन्:

१) निर्माण सम्पन्न भएको सडक सतहमा लेन र विभिन्न संकेत रंग लगाउने, सडकछेउमा उचित सेफ्टी ब्यारिअर राख्ने, सडक संकेत बोर्ड राख्ने, कन्भेक्स मिरर (घुम्तीमा ऐना) राख्ने, सडक संकेत बोर्डलाई राति वा अँध्यारोमा पनि देख्न सकिने गरी रिफ्लेक्टर वा बत्ती जडान गर्ने ।

२) सडकमा दिन-रात निरन्तर र नियमित निगरानीका लागि सडक बत्ती जडान गर्ने, सीसी क्यामेरा जडान गर्ने, ती सीसीटीभीको नियमित रेखदेख गर्ने कन्ट्रोल रुम र त्यहाँ काम गर्ने दक्ष टेक्निसियनहरूको दरबन्दी तोक्ने र तालिम दिई काममा लगाउने ।

३) देशैभरि चालक प्रशिक्षण केन्द्र खोल्ने, चालक प्रशिक्षकलाई पेसाका रूपमा प्रवर्द्धन गर्ने । स्वरोजगार र संस्थागत चालक प्रशिक्षण दिएर दक्षताको प्रमाणपत्र पाएपछि मात्र चालक अनुमतिपत्र परीक्षा लिइने व्यवस्था सतहत्तरै जिल्लामा गर्ने ।

४) गाडीको कन्डिसन जाँच्ने मेकानिक्स तयार पार्ने, वर्कसप खोल्न स्टार्टअप लगानी व्यवस्थापन गर्ने । उनीहरूलाई संस्थागत व्यवस्थापन गरी कुन गाडीको कहाँबाट कहिले के के परीक्षण भएको हो भनेर अस्पतालबाट बिरामीको विवरण प्राप्त गर्ने शैलीमा एक प्रणालीद्वारा अनुगमन गर्ने ।

५) गुणस्तरीय हेल्मेटको व्यवस्था र उपलब्धता सुनिश्चित गरी त्यसको बजारीकरण गर्ने ।

६) सडक प्रयोगकर्ता सचेतनाका लागि सामग्री उत्पादन र वितरण गर्ने ।

७) फुटपाथलाई अपांगमैत्री बनाउन इन्जिनियरिङ सर्भे गरी एक ठाउँबाट ह्विलचेयरमा हिँडेको व्यक्ति कतै पनि अवरोध नभएर कसरी पुग्न सक्छन् भन्ने नक्सांकन तयार गर्ने र सो अनुसार फुटपाथको डिजाइन र निर्माण गर्ने ।

८) बाटो काट्नका लागि उपयुक्त स्थानहरू पहिचान गर्न व्यावहारिक सर्भे गरी जेब्रा क्रसिङ, अन्डरपास, पुल वा बत्तीले बाटो काट्ने स्थानहरू अंकित गर्ने । यथोचित आवश्यकता अनुसार पेन्टिङ गर्ने, बत्ती राख्ने वा संरचना निर्माण गर्ने । काम गर्ने वातावरण भनेको सरकारलाई यो काम जरुरी छ भन्ने ज्ञान सचेत बनाउने हो, त्यसका लागि नियम-कानुन बनाई कार्यान्वयन गर्न सजिलो बनाउने पनि हो । काठमाडौंमा मेट्रो रेल वा त्यस्तै कुनै ठुला परियोजना तत्काल बनाउन भू-उपयोगिता व्यवस्थापन जटिल छ, तर देशको कुनै अन्य सहर छानेर त्यहाँ परीक्षण तहमा सानो परिमाणमा नमुना प्रदर्शन गरेर काठमाडौंका जनप्रतिनिधिलाई विश्वस्त पार्न सकिन्छ । कतिपय क्रियाकलापको अनुगमन तथा मूल्यांकनमा स्थानीय पालिका तहलाई समावेश गरेमा उपरोक्त क्रियाकलाप र परिणामको दिगोपन पनि सुनिश्चित गर्न सकिन्छ ।

*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ अनुभव मिल्ने र नयाँ योजना बन्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ। | **तुला** : महिला वर्गबाट सहयोग मिल्नेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। |
| **वृष** : चोटपटकको भय छ सचेत रहनुहोला, नयाँ र शुभ कार्यको थालनी हुनेछ । | **वृश्चिक** : प्रयत्न गरे फाइदा लिन सकिनेछ । साथीभाइसँग समय बित्नेछ। |
| **मिथुन** : ठीक समयमा सही निर्णय लिन सकिनेछ । सामाजिक कार्य अघि बढ्नेछ। | **धनु** : मनोरञ्जन पूर्वक दिन बित्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । |
| **कर्कट** : राजनैतिक कार्यमा सफलता मिल्नेछ । सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ। | **मकर** : प्रेममा मनमुटाव आउनेछ । आफ्नो विचार विपरित निर्णय हुनेछ । |
| **सिंह** : समाजसेवामा मन लाग्नेछ । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ । | **कुम्भ** : समाजसेवामा मन लाग्ला । शिक्षामा सामान्य सफलता मिल्नेछ । |
| **कन्या** : अधिकारका लागि संघर्ष गर्नुपर्ला, तरपनि कुनै कुराले मन प्रसन्न रहला । | **मीन** : अवसरले मन प्रसन्न रहनेछ । नयाँ व्यक्तिसँग भेटघाटको अवसर मिल्नेछ। |

# कृषि

## सागसब्जीखेतीबाटै दैनिक १० हजार कमाई



रोजगारीको खोजीमा युवा विदेसिने क्रम बढ्दो छ । भारतसँगै तेस्रो मुलुकमा रोजगारीको खोजीमा दैनिक हजारौँको संख्यामा युवा विदेसिने गरेका छन् । हजारौँ युवाको भन्दा अलग सपना थिएन यहाँको आदर्श गाउँपालिका-१ का २३ वर्षीय मुकुन्द अवस्थीको पनि । तीन वर्ष कृषि विज्ञान (आइसिएजी) अध्ययन सकेर कृषिमा राम्रो कमाइ हुने देश जाने उनको चाहना थियो । विदेश जाने योजना स्थगित गरेर गाउँमै व्यावसायिक सागसब्जी खेती गरेका मुकुन्दले सन्तोष जनक कमाइ गरिरहेका छन् ।

अहिलेको 'ट्रेन्ड' भनौँ वा बाध्यता सबै विदेसिने लहर छ, बाहिर जानुपर्छ राम्रो कमाउनुपर्छ भन्ने मेरो पनि सोच थियो । कोरिया वा इजरायल जानुपर्छ भन्ने योजना बनाइसकेको थिएँ तर लकडाउन भएपछि घर आएँ र बाँझो जमिनमा खेती गर्न थाले मुकुन्दले सुरुवाती दिन स्मरण गरे । हाल मुकुन्दले करिब १२ रोपनी जमिनमा सागसब्जी लगाइ रहेका छन् । उनले दाजुभाई बहुउद्देश्यीय कृषि तथा पशुपक्षी फार्म दर्ता गरेर २५'प्लास्टिक टनेल' बनाएर सागसब्जी लगाएका छन् । सबै टनेलमा अहिले गोलभेडा फलिरहेका छन् । सुरुवातमा गाउँपालिकाबाट प्राप्त एक लाख ५० हजार अनुदान र बाँकी आफ्नो लगानीमा दश ओटा टनेलबाट सागसब्जी उत्पादन सुरु गरे । गत वर्ष दश ओटा टनेलबाट करिब नौ लाख बराबरको सागसब्जी बिक्री गरेको उनले जानकारी दिए । पहिलो वर्ष लगानी धेरै लागेकोले खर्च कटाएर करिब तीन लाखजति आम्दानी भएको थियो । यो वर्ष २५ ओटा टनेलमा सागसब्जी लगाएकोले कारोबार दोब्बरले बढ्ने उनको अनुमान छ । मुकुन्दले हाल दैनिक आठदेखि १० 'क्रेट' गोलभेडा बजार लैजाने गरेका छन् । प्रति किलो रु ५० का दरले गोलभेडा बजारमा बिक्री हुँदा उनको दैनिक आठदेखि १० हजार कमाइ हुन्छ । गोलभेडाले सजिलै बजार पाएको छ । मुकुन्दले भने, 'डोटी जिल्ला तरकारीमा परनिर्भर थियो सुरुमा उत्पादित सागसब्जी बिक्री गर्न धेरै मेहनत गर्नुपर्थ्यो तर अहिले माग धान्न सकिरहेको छैन, दैनिक डेढदेखि दुई क्वीन्टल बजारमा जान्छ ।

मूल्य पनि राम्रो छ । उनले सागसब्जीमा 'मल्चिङ' र थोपा सिँचाइ प्रविधिको प्रयोग गरेका छन् । स्वच्छ तरकारी उत्पादन गर्न कम्पोस्ट मलको प्रयोग गरिएको छ । घरमा भएका भैँसी, बाख्रा, गाई, गोरुको मलमूत्रबाट बन्ने मल पर्याप्त छ । थप गँड्यौला मलको उत्पादन सुरु गर्ने तयारी गरिरहेको उनले बताए । मुकुन्दले थालेको कृषिबाट परिवार मात्रै आत्मनिर्भर भएको छैन । पाँच जनाले रोजगारीसमेत पाएका छन् । वर्ष टनेलको संख्या थप गरेर ५० ओटा पुर्याउने योजना उनको छ । तर उत्पादित सागसब्जी बजार पुर्याउने भने समस्या छ । दिपायल बजारसम्म पुग्ने बाटो कच्ची हुँदा बेलाबेला अवरुद्ध हुने गर्छ । त्यसो हुँदा पिठ्यूँमा बोकेर बजार पुर्याउनुपर्ने बाध्यता रहेको उनले सुनाए । बृहत् तरकारी उत्पादन क्षेत्र कार्यक्रम अनुसार थोपा सिँचाइ, पानी ट्याङ्की निर्माण, प्लास्टिक घर र गँड्यौला मलको उत्पादन सहयोग गरेको कृषि ज्ञान केन्द्र डोटीका निमित्त प्रमुख गङ्गादत्त अवस्थीले बताए । छोटो समयमै सफल कृषक भएका मुकुन्द युवाका लागि प्रेरणादायी व्यक्ति रहेको अवस्थीले बताए । -रासस

## किसानको बक्यौता तिर्न भण्डै २ अर्ब निकासा



दूध तथा उखु किसानको बक्यौता तिर्न भण्डै दुई अर्ब रुपैयाँ निकासा भएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले ऋण लगानीको तमसुक तथा भुक्तानीका लागि अनुमति दिएको छ भने आठ वटा जिल्लाका उखु किसानले पाउनुपर्ने एक अर्ब ४५ करोड रुपैयाँभन्दा धेरै रकम कृषि मन्त्रालयले रकमान्तर गरी भुक्तानीका लागि सम्बन्धित जिल्लामा पठाएको छ । त्यसका लागि महालेखा नियन्त्रक कार्यालयको अनुमति र अर्थ मन्त्रालयले रकम बाँडफाँट गरी आज सम्बन्धित जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयलाई पठाएको छ ।

कञ्चनपुर, नवलपरासी पश्चिम, बारा, रौतहट, सर्लाही, महोत्तरी, सिराहा र सुनसरी जिल्लाका उखु किसानले पाउनुपर्ने बाँकी अनुदानको रकम सम्बन्धित जिल्लालाई पठाएको हो । सम्बन्धित जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयले रकम बाँडफाँट स्वीकृत पाएको छ । योसँगै उखु किसानले अनुदानबापत पाउनुपर्ने रकम दशैँअघि नै पाउने भएका छन् । कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले दूध तथा उखु किसानलाई दशैँअघि नै भुक्तानी गर्ने प्रतिबद्धता गर्दै आएका थिए ।

त्यस्तै दुग्ध विकास संस्थान ( डीडीसी) लाई दूध किसानको बक्यौता रकम तिर्नका लागि सर्तसहित ६० करोड रुपैयाँ ऋण दिने प्रस्ताव यसअघि नै स्वीकृत भएको थियो । दूधको बाँकी भुक्तानीका लागि प्रक्रिया पूरा भएको र सरकारले ऋणबापत दिएको ६० करोड रुपैयाँ दशैँअघि नै वितरण शुरू हुने डीडीसीले जनाएको छ । -उज्यालो खबर डटकम

## कोरियाले नेपाललाई दियो गाईका बाछी उपहार



करिब तीन वर्षअघि कोरियाले नेपाललाई दिएका उन्नत जातका गाईबाट जन्मिएका बाछी स्थानीयलाई उपहारका रूपमा प्रदान गरिएको छ । शनिबार सिन्धुलीको कमलामाई नगरपालिकामा आफ्नो ८०औँ वार्षिकोत्सव मनाउँदै हेफर इन्टरनेशनलले उपहार हस्तान्तरण कार्यक्रम (पासिङ अन द गिफ्ट) सम्पन्न गरेको हो ।

हेफरले नेपाल सरकारसँग मिलेर सिन्धुलीमा 'मिल्की वे' परियोजना सञ्चालन गर्दै आएको छ । दक्षिण कोरिया सरकार पनि यस परियोजनाको साझेदार हो । परियोजनाका लागि दक्षिण कोरियाले सन् २०२२ डिसेम्बर र सन् २०२३ जनवरीमा होलिस्टिन प्रजातिका एक सय गाई र आठवटा साँढे उपहारस्वरूप प्रदान गरेको थियो । जसमध्ये कमलामाई नगरपालिकामा ५१ किसान परिवारलाई गाई बाँडिएका थिए । नश्ल सुधारका लागि ल्याइएका साँढे भने राष्ट्रिय पशु प्रजनन कार्यालयमा राखिएका छन् ।

यसरी किसानलाई बाँडिएका उन्नत जातका गाईबाट जन्मिएका बाछी अहिले अरू किसानलाई हस्तान्तरण गरिएको हो । 'मिल्की वे' परियोजनाले पाँच लाख नेपाली साना किसान परिवारमा पुगेर जीवनस्तर सुधार गर्ने अपेक्षा गरिएको छ । 'मिल्की वे' परियोजनाका साझेदारहरूले कमलामाई नगरपालिकामा 'मोडेल डेरी भिलेज' समेत स्थापना गरेका छन् । कार्यक्रममा बागमती प्रदेशका कृषि तथा पशुपक्षी विकासमन्त्री प्रकाश श्रेष्ठले 'मिल्की वे' कार्यक्रमले किसानको जनजीविका सुधारमा लागि महत्वपूर्ण भूमिका खेल्ने बताए । "स्थानीय सरकारसमेतको सहकार्यमा सञ्चालित यस कार्यक्रमले किसानको आर्थिकस्तर सुधारका लागि मात्र नभइ कृषिउपज उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउने र त्यस्ता वस्तु निर्यात गर्ने मुलुकका रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्नेछ", उनले भने, "उपहार प्रदान गर्ने संस्कृतिले सामाजिक एकता तथा सहकार्यको भावनालाई मजबुद बनाउँछ र यसले व्यावसायिक कृषिमा लाग्नका लागि उत्प्रेरित पनि गर्छ ।"

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा राजेन्द्र मिश्रले मुलुकको ६० प्रतिशतभन्दा बढी जनसंख्या कृषि पेसामा आबद्ध रहेको उल्लेख गर्दै व्यावसायिक पशुपालन तथा नश्ल सुधारका कार्यक्रमबाट दुग्धजन्य तथा मासुको उत्पादनमा नेपाल आत्मनिर्भर भएको बताए । कृषि तथा पशुपक्षी क्षेत्रमा देखिएका विभिन्न रोग उन्मूलनका लागि सरकारले योजना बनाएको पनि उनले जानकारी दिए । कार्यक्रममा हेफर इन्टरनेशनलकी प्रमुख कार्यकारी अधिकृत सुरिता सन्दोसमले भनिन्, "हामीले हेफर इन्टरनेशनलको ८०औँ वार्षिकोत्सव मनाउँदै गर्दा उपहार हस्तान्तरणका माध्यामबाट सामाजिक एकतासँगै रूपान्तरण कसरी गर्न सकिन्छ भन्ने यो उत्कृष्ट उदाहरण हो । कमलामाई नगरपालिकामा भएको यो कार्यक्रम हाम्रो कार्यको परिवर्तनकारी शक्ति र दीर्घकालीन उदारताको भावनाको प्रमाण पनि हो ।" यस्तै, कमलामाई नगरपालिका प्रमुख उपेन्द्र पोखरेलले कोरियाली गाई ल्याएपछि गत वर्षको तुलनामा दूध उत्पादन दोब्बरले बढेको दाबी गरे । मासिक २७ लिटरबाट बढेर ५५ हजार लिटर पुगेको उनको भनाइ छ । हेफर इन्टरनेशनलका राष्ट्रिय निर्देशक डा तीर्थराज रेग्मीले देशका ५३ भन्दा बढी जिल्लामा चार लाखभन्दा बढी परिवार, १६ हजार समूह र दुई सय ९२ वटा सहकारी हेफरसँग आबद्ध भएर कृषि तथा पशुपक्षी पालनमार्फत जीविकोपार्जन कार्यक्रमसँग जोडिएको बताए । आर्थिक रूपमा कमजोर परिवारलाई पशुपालनमार्फत जीवनस्तर सुधार, उत्पादित वस्तुको बजारीकरण, स्वरोजगार सिर्जनालगायत काममा हेफरले भूमिका खेलेको उनले बताए ।

यसबाट गरिबी र भोकमरी अन्त्य हुनेमात्र नभइ दिगो खाद्य सुरक्षा र मुलुकको अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव पर्ने डा रेग्मीको भनाइ छ । कोरियाबाट उपहार पाएका दुईवटा गाई पालिरहेकी कमलामाई नगरपालिकाको तल्लो राजपानीकी रुक्मिणी अधिकारी आफ्नो घर खर्चसँगै केही बचत पनि हुन थालेको बताउँछिन् । "मेरो परिवारको मुख्य पेसा खेती किसानी र पशुपालन हो । पहिले पनि गाई पाल्थ्यौँ तर त्यो आफैँलाई खानका लागि मात्र पुग्थ्यो । अहिले कोरियाबाट आएका गाईको दूध बेचेर मैले परिवार खर्च चलाउने, छोराछोरी पढाउनेमात्र होइन, केही बचत पनि गर्न थालेकी छु", उनले भनिन् । अधिकारीले आफूले उपहार पाएको गाईबाट जन्मिएको बाछी स्थानीय कुसुम थापालाई दिएकी छिन् । कृषि तथा पशुपालनका माध्यमबाट भोकमरी र गरिबी अन्त्य गर्ने उद्देश्य राखेको हेफरले उपहारको संस्कृतिलाई पनि प्रवर्द्धन गर्दै आएको छ । दोस्रो विश्वयुद्धपछि सन् १९४४ मा अमेरिकी नागरिक ड्यान वेस्टले कोरियाका गरिब किसानलाई १७ वटा गाई बाँडेको थियो । त्यसरी बाँडिएका गाईबाट त्यहाँको किसानको जीवनस्तर सुधारमात्र नभइ दुग्धजन्य वस्तु उत्पादनमा कोरियाले अग्रणी मुलुकका रूपमा परिचय बनाएको छ ।

नेपालमा पनि सुरुमा एक सय वटा गाई ल्याएर ५१ किसान परिवारलाई बाँडेकामा त्यसलाई उपहार संस्कृतिकै माध्यमबाट बढाएर पाँच लाख पुर्याउने र नेपालभित्र मात्र नभइक अन्य देशलाई पनि नेपालबाट उन्नत जातका गाई बाँड्ने अवस्थासम्म पुर्याउने लक्ष्य राखिएको हेफर एसिया प्रोग्रामका वरिष्ठ उपाध्यक्ष नीना जोशीले बताइन् । पशुपालनका क्षेत्रमा नेपालले उल्लेख्य सुधार गरेको र यहाँ सञ्चालित कार्यक्रमको प्रभावकारिता राम्रो देखिएका कारण ८०औँ वार्षिकोत्सव नेपालमा मनाइएको पनि हेफर इन्टरनेशनलले जनाएको छ । यहाँ आयोजित वार्षिकोत्सव कार्यक्रममा हेफरका सहयोगदाता, विभिन्न देशका राष्ट्रिय निर्देशक, हेफरका संस्थापक ड्यान वेस्टको परिवारका सदस्यलगायतको उपस्थिति थियो । हेफरअन्तर्गतका परियोजना लागू भएका विभिन्न स्थानीय तहका प्रतिनिधि पनि वार्षिकोत्सवमा सहभागी थिए । -रासस

## ५२ प्रतिशतले बढ्यो चिया निर्यात



मेची भन्सार कार्यालयबाट चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो दुई महिनामा चियाको निर्यात ५२ प्रतिशतले बढेको छ ।

कार्यालयको तथ्यांकअनुसार चालु आर्थिक वर्षका साउन र भदौमा चार हजार ४१२ मेट्रिक टन चिया निर्यात भएको छ । जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५२ प्रतिशतले बढी हो । गत आर्थिक वर्षको पहिलो दुई महिनामा नेपालबाट दुई हजार ९०२ मेट्रिक टन चिया निर्यात भएको थियो । प्राप्त तथ्यांकअनुसार चिया निर्यातको परिणामसँगै यसको मूल्य पनि बढेको छ । चालु आर्थिक वर्ष २०८१/८२ को दुई महिनामा एक अर्ब १३ करोड ३४ लाख १७ हजार बराबरको निर्यात भएको छ । जुन गत आर्थिक वर्ष २०८०/८१ को सोही अवधिको तुलनामा ६२ प्रतिशतले बढी हो । गत आर्थिक वर्षमा सो अवधिमा रु ६९ करोड ९३ लाख ६४ हजार बराबरको चिया निर्यात गरिएको थियो । दक्षिण भारतमा चिया उत्पादनमा कमी आएसँगै नेपालबाट चियाको निर्यात बढेको नेपाल चिया उत्पादक सैका अध्यक्ष आदित्य पराजुलीले बताए । भारतबाट अझै माग बढेकाले चियाको निर्यात यो वर्ष थप बढ्ने उनको दाबी छ । गत आर्थिक वर्ष २०८०/८१ मा १३ हजार ४३३ मेट्रिक टन अर्थात् तीन अर्ब १६ करोड ३८ लाख ३६ हजार बराबरको चिया भारत निर्यात भएको थियो । जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ७.६८ प्रतिशले घटेको थियो । -रासस

# आज विश्व मुटु दिवस मनाइँदै

**पाल्पा,** असोज १२/आज नेपालसहित विश्वभर नै 'विश्व मुटु दिवस' मनाइँदै छ । स्वास्थ्य क्षेत्रका सरकारी तथा गैरसरकारी संघ/संस्थाहरुले विविध कार्यक्रम गरी यो दिवस मनाउँदैछन् ।

पछिल्लो समय नेपालमा पनि मुटुरोगका बिरामी अत्यधिक बढ्दै गएकाले चेतनामूलक कार्यक्रमहरु गरिँदैछ । विश्व मुटु फेडेरेशन र विश्व स्वास्थ्य संगठनले सन् २००० देखि सेप्टेम्बरको अन्तिम आइतबारलाई विश्व मुटु दिवसका रुपमा मनाउन थाले पनि सन् २०१२ देखि सेप्टेम्बर २९ लाई विश्व मुटु दिवसका रुपमा मनाउने गरिएको छ । अहिले सबै भन्दा बढी मानिसको मृत्युको कारक पनि मुटुरोग हुने गरेको विश्व स्वास्थ्य संगठनले जनाएको छ । नेपाल जस्ता अल्पविकसित देशहरुमा एक तिहाइ बढी मृत्युको कारक मुटुरोग हुने गरेको छ । मुटुरोगबाट बचचको लागि अध्याधिक मासु र मादक पदार्थ सेवन गर्न नहुने चिकित्सकहरुको सुझाव छ । जिब्रोका लागिभन्दा जीउ (शरीर)का लागि खाना खान तथा माछा, मासु, मदिरामा भन्दा सागपात, फलफूलमा ध्यान दिएमा मुटुरोगबाट



बच्न सकिने विज्ञहरुको भनाई छ । खानपानकै कारण मुटुरोग लाग्ने हुँदा रोग लाग्न नदिन खानपिनमा सजग भइ नियमित व्यायाम गर्नुपर्ने उनीहरुको सुझाव छ ।

मुटुरोगको उपचारभन्दा रोग लाग्न नै नदिन विशेष सावधानी अपनाउनु पर्ने विज्ञहरुको सुझाव छ । रक्तचाप, मधुमेह, कोलस्टोरलाई नियन्त्रणमा राख्नुपर्ने तथा दिनहुँ व्यायाम गरेमा मुटुरोगबाट बच्न सकिन्छ । मुटुरोग प्राणघातक भएतापनि ८० प्रतिशत हृदयघात रोकथाम गर्न सकिन्छ ।

## खेलकुद समाचार

# भारतसँग ४-२ गोलले हार्‍यो नेपाल



**काठमाडौं,** असोज १२/१७ वर्षमुनिको साफ च्याम्पियनशिपको सेमिफाइनलमा नेपाल भारतसँग पराजित भएको छ । भुटानमा भएको खेलमा नेपाल भारतसँग ४-२ गोलले पराजित भएको हो । पहिलो हाफमा गोलरहित बराबरी भएकोमा दोस्रो हाफको ६१ र ६८ मिनेटमा गोल गरेर भारतले अग्रता बनाएको थियो । त्यसपछि नेपालले ८२ मिनेटमा गोल फर्कायो । त्यसको तीन मिनेटमै अर्को गोल थपेर भारत ३-१ को अवस्थामा पुगेको थियो ।

नेपालले ९० मिनेटमा गोल गरेर खेलमा फर्किने संकेत गरेको थियो तर भारतले अर्को गोल थपेसँगै नेपाल ४-२ गोलले पराजित हुन पुग्यो । योसँग नेपालको फाइनल पुग्ने धोको अधुरै रह्यो । अर्को सेमिफाइनलमा अहिले पाकिस्तान र बङ्गलादेश खेलिरहेका छन् ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# दसैंको अग्रिम टिकट बुकिङ खुला



**काठमाडौं,** असोज १२/सरकारले दसैंका लागि लक्षित गरी शनिबारदेखि अग्रिम टिकट बुकिङ खुला गरेको छ । देशका विभिन्न क्षेत्रबाट संघीय राजधानी काठमाडौंमा अध्ययन, व्यापार व्यवसाय, रोजगारीका लागि आएका चाडपर्व मनाउन घर जानेलाई लक्षित गरेर अग्रिम टिकट बुकिङ खुला गरेको हो ।

घटस्थापना आउन पाँच दिन बाँकी रहँदा सरकारले अग्रिम टिकट बुकिङ खुला गरेसँगै नयाँ बसपार्कमा टिकट लिन बिहानैदेखि यात्रुको भीड लागेको छ । शुक्रबारदेखि नै मुलुकको संघीय राजधानी काठमाडौंसहित देशभर अविरल वर्षासमेत भएकाले बिहानैदेखि छाता ओढेर यात्रु टिकट काट्न लाइनमा बसेका छन् । अग्रिम टिकट बुकिङ काउन्टरमा पश्चिमको दार्चुला, डडेलधुरा, धनगढी, टीकापुर, बझाङ, बाजुरा, सल्यान, रुकुम, प्यूठान, रोल्पा तथा ताप्लेजुङ, इलाम, काँकडभित्ता, उदयपुरलगायतका ठाउँमा जाने यात्रुको भीडभाड लागेको छ । सरकारले अनलाइनमार्फत टिकट काट्न पाउने व्यवस्था मिलाए पनि यात्रु भने बिहानैदेखि छाता ओढेर लाइनमा बसेका हुन् । सार्वजनिक यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष पुण्यप्रसाद (सरोज) सिटौलाले शनिबार बिहान ६ बजेदेखि नै अग्रिम टिकट बुकिङ खुला भएको बताए । उनले शुक्रबारदेखि परेको अविरल वर्षाका कारण देशभरका राजमार्ग अवरुद्ध हुँदा सर्वसाधारण यात्रुलाई मर्का परेको बताए । उनले शनिबार पनि राजमार्ग हुँदै सार्वजनिक यातायात आवतजावत गर्ने परिस्थिति नहरेको उल्लेख गरे । वरिष्ठ उपाध्यक्ष सिटौलाले यसपालिको दसैंमा घर जानका लागि यात्रुले सहजै टिकट पाउने दाबी गरे । राजमार्ग बिग्रिएका कारण काठमाडौं आवतजावत गर्न सार्वजनिक सवारीसाधनलाई केही समय लाग्ला तर बस नपाएर कोही यात्रु रोकिनु पर्दैन !, उनले भने । हरेक वर्ष दसैं मनाउनका लागि राजधानी काठमाडौंबाट २० लाखको हाराहारीमा यात्रु उपत्यकाबाट बाहिरिने गरेका छन् । सरकारले लामो तथा मध्यम दूरीका यात्रुका लागि अग्रिम टिकट बुकिङ खुला गरे पनि छोटो दूरीका सवारीसाधनको टिकट भने घटस्थापनाबाट खुल्नेछ ।*-रासस*

# रामपुरमा योजना कार्यान्वयन सम्बन्धी अभिमुखिकरण



**पाल्पा,** असोज १२/जिल्लाको रामपुर नगरपालिकाले उपभोक्ता समिति र टोल विकास संस्थाहरुलाई अभिमूखिकरण प्रदान गरेको छ । आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिका भित्र सञ्चालन हुने विभिन्न योजनाका उपभोक्ता समिति र टोल विकास संस्थाका पदाधिकारीहरुलाई योजना सञ्चालन सम्बन्धी अभिमुखिकरण प्रदान गरिएको हो ।

नगरपालिका भित्र सञ्चालन हुने वडा र नगरस्तरीय योजना कार्यान्वयन सम्बन्धी विभिन्न प्रक्रियाको बारेमा जानकारीसहित १० वटै वडामा अभिमुखिकरण कार्यक्रम गरिएको नगरपालिकाले जनाएको छ । कार्यक्रममा योजना निर्माणको प्रक्रिया,उपभोक्ता समिति गठन सम्बन्धी व्यवस्था, समितिको काम कर्तव्य र अधिकार, योजना अनुगमनको प्रक्रिया, प्राविधिक पक्ष,सम्झौता र भुक्तानी प्रक्रिया, आवश्यक कागजात लगायतका विषयमा सहजिकरण गरिएको थियो । चालु आर्थिक वर्षका लागि तय गरेका योजना कार्यन्वयनका लागि सहज होस् भन्ने उद्देश्यले नगरकापालिकाका सबै वडामा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको रामपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले बताए । अभिमुखिकरण कार्यक्रमको सहजिकरण गर्दै प्रमुख प्रशासकीय अधिकृत पण्डितले नगरको विकासका लागि यो आर्थिक वर्षमा सञ्चालन हुने सबै योजना प्रभावकारी रुपमा कार्यान्वयन गर्न आग्रह समेत गरे ।

यस्तै रामपुर नगरपालिकाका आन्तरिक लेखा परीक्षण अधिकृत फदेश पन्थीले विधि र प्रक्रिया पुरा गरेर योजना सञ्चालन गर्नु पर्ने भन्दै योजना सम्पन्न भए पश्चात कुनै समस्या नहुने गरी काम गर्नु पर्नेमा जोड दिए ।यस्तै ईन्जिनियर रञ्जन न्यौपानेले स्टमेट अनुसारको सामग्रीको प्रयोग गरी स्तरीय काम गर्नु पर्ने भन्दै गुणस्तरीयतामा ध्यान दिन आग्रह गरे । रामपुर नगरपालिकाका लेखा शाखा प्रमुख सिता न्यौपानेले योजना सम्पन्न भए पश्चात आवश्यक सबै कागजात पूरा गरेर मात्र भुक्तानीका लागि आउनु पर्ने बताइन् ।

यस्तै योजना शाखा प्रमुख विक्रम बस्नेतले नगरपालिका र वडाले तय गरेका ३ सय ७४ वटै योजना समयमै सम्झौता गरी समयमै गर्नु पर्नेमा जोड दिए । कार्यक्रमको सहजिकरण रामपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डित,आलेप अधिकृत फदेश पन्थी, ईन्जिनियर रञ्जन न्यौपाने,लेखा शाखा प्रमुख सिता न्यौपाने र योजना शाखा प्रमुख विक्रम बस्नेतले गरेका थिए । गत भदौ २४ गतेदेखि कार्यक्रम सञ्चालन गरिएको थियो ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई